# प्रदेश सभा

## गण्डकी प्रदेश

## तेस्रो अधिवेशन

## (नवौं बैठक )

## मिति : २०७५÷११÷२३ गते, अपरान्ह १:०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको तेस्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १ बजेर ५५ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम म, माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमानलाई **“गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक”** प्रदेश सभा नियमावलीको नियम १०६ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय हरि बहादुर चुमानज्यू**

माननीय सभामुख महोदय, प्रदेश र स्थानीय तहका सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण प्रदान गर्न गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना संचालन तथा व्यवस्थापन गर्नका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रदेश सभा सचिवालयमा मिति २०७५ साल फाल्गुण १९ गते दर्ता भएको **“गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक”** नेपालको संविधानको धारा १९८ को उप–धारा १ तथा गण्डकी प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, अब म मिति २०७५ साल माघ १५ गते बसेको सभाको छैठौं बैठकबाट दफावार छलफलका लागी विधायन समितिमा पठाईएको **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक"** को विधायन समितिको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न सो समितिका सभापति माननीय श्री मोहन प्रसाद रेग्मीलाई समय दिन्छु ।

**माननीय मोहन प्रसाद रेग्मीज्यू**

माननीय सभामुखज्यू,

मिति २०७५ साल माघ १५ गते बसेको यस सभाको बैठकको निर्णय अनुसार दफावार छलफलका लागि विधायन समितिमा पठाईएको प्रस्तुत **"ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धी विधेयक"** सम्बन्धमा छलफल गर्न मिति २०७५ साल फाल्गुण २१ तथा २२ गते समितिको बैठक बसेको। समितिको बैठक समितिको सभापति मा. मोहन प्रसाद रेग्मीको अध्यक्षतामा बसेको थियो । बैठकमा समितिका माननीय सदस्यहरु आशा कोइराला, कृष्ण चन्द्र नेपाली, चन्द्र बहादुर बुढा, धनन्जय दवाडी, धनमाया पोखरेल लामा, पियारी थापा, मणिभद्र शमार, मन बहादुर गुरुङ, राजीव पहारी, ललितकला गुरुङ, विष्णु प्रसाद लामिछाने र सावित्रा रानाको उपस्थिति रहेको थियो भने माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री विकास लम्सालको विशेष उपस्थिति रहेको थियो । विधेयक उपर दर्ता हुन आएको संशोधन प्रस्तावका सम्बन्धमा छलफल गर्न प्रस्तुतकर्ता माननीय अर्थ तथा विकास समितिका सभापति दिपक कोइराला तथा माननीय सदस्य इन्द्रलाल सापकोटालाई बैठकमा आमन्त्रण गरी संशोधन प्रस्ताव सम्बन्धमा व्यापक छलफल गरिएको थियो । यस प्रकार विभिन्न मितिमा समितिको बैठक बसी विधेयक सम्बन्धमा व्यापक छलफल गरी

सबैको राय र परामर्शलाई समेत समावेश गरी उक्त विधेयक सम्बन्धमा समितिको सर्वसम्मतिबाट निर्णय भए बमोजिम संलग्न संशोधन सहितको प्रतिवेदन गण्डकी प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सम्मानित सभा समक्ष पेश गर्दछु।

मोहन प्रसाद रेग्मी
सभापति
विधायन समिति
२०७५/११/२३

धन्यवाद ।

**माननीय सभामुखज्यू**

**माननीय सदस्यहरु, अब यो बैठक २०७५ साल फाल्गुन २६ गते दिनको १:०० बजे सम्मको लागी स्थगित हुन्छ ।**